# Bottlers Nepal (Terai) Limited

**Minutes of the 39th Annual General Meeting (Fiscal Year 2081/82)**
**Company Registration No: 98818**

# बोटलर्स नेपाल (तराई) लिमिटेड

**३९औं वार्षिक साधारण सभा (आर्थिक वर्ष-२०८१।८२)**
**कम्पनी दर्ता नं ९८८१८**

## 1. Annual General Meeting

The 39th Annual General Meeting (the "Meeting") of Bottlers Nepal (Terai) Limited (the "Company") for the Fiscal Year 2081/82 was convened under the chairpersonship of Mr. Narmadeshwar Narayan Singh, Chairperson of the Board of Directors. The Meeting was held on Wednesday, Poush 23, 2082 (January 7, 2026) at Hotel Yak and Yeti, Durbarmarg, Kathmandu, from 11:30 A.M. to 2:00 P.M.
The discussions held and the proposals approved during the Meeting are as recorded below.

## १. वार्षिक साधारण सभा

बोटलर्स नेपाल (तराई) लिमिटेड ("कम्पनी") को ३९औं वार्षिक साधारण सभा (आर्थिक वर्ष : २०८१।८२) कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री नर्मदेश्वर नारायण सिंहज्यूको अध्यक्षतामा मिति २०८२ पौष २३, बुधबार ( तदनुसार जनवरी ७, २०२६) को दिन होटल याक एण्ड यति, दरबारमार्ग, काठमाडौंमा बिहान ११:३० देखि दिउँसो २:०० बजेसम्म सञ्चालन भयो ।
बैठकमा छलफल भएका विषय तथा निर्णयहरू निम्न बमोजिम अभिलेख गरिएको छ ।

## 2. Attendance

## २. उपस्थिति

### 2.1. Attendance of the Members of the Board of Director(s)

| | |
|---|---|
| Mr. Narmadeshwar Narayan Singh | - Chairperson |
| Mr. Karan Vijaykumar Achpal | - Director *(Via Videoconference)* |
| Mr. Sunil Lobo | - Director *(Via Videoconference)* |
| Mr. Amar Baidya | - Alternate Director *(Via Videoconference)* |
| Mr. Pramod Kumar Karki | - Independent Director |

### २.१ सञ्चालक समितिका सदस्यहरूको उपस्थिति

| | |
|---|---|
| श्री नर्मदेश्वर नारायण सिंह | - अध्यक्ष |
| श्री करण विजयकुमार अचपल | - सञ्चालक*(भिडियो कन्फरेन्समार्फत्)* |
| श्री सुनिल लोबो | - सञ्चालक *(भिडियो कन्फरेन्समार्फत्)* |
| श्री अमर वैद्य | - वैकल्पिक सञ्चालक) *(भिडियो कन्फरेन्समार्फत्)* |
| श्री प्रमोद कुमार कार्की | - स्वतन्त्र सञ्चालक |

### 2.2. Attendance of Shareholders

Person/Authorized Representative/ through proxy: 166
Percentage of Shareholders Presented: 91.87%

**२.२ शेयरधनीको उपस्थिति संख्या**

स्वयं / आधिकारिक प्रतिनिधि / प्रोक्सी मार्फत् उपस्थित संख्या : १६६
उपस्थित शेयरधनीको प्रतिशत शेयर : ९१.८७ प्रतिशत

**2.3. Attendance of the office-bearers**

Mr. Ajay Chanbasappa Konale, Chief Executive Officer
Mr. Redwin A. Duay, Country Finance Director
Ms. Bishwa Prakash Poudel, Company Secretary/General Counsel

**२.३ पदाधिकारीको उपस्थिति**

श्री अजय चनवसप्पा कोनाले, प्रमुख कार्यकारी अधिकृत
श्री रेडविन ए. डुए, कन्ट्री फाइनान्स डाइरेक्टर
श्री विश्वप्रकाश पौडेल, कम्पनी सचिव/कानुन विभाग प्रमुख

**3. Notice of 39th Annual General Meeting**

Mr. Bishwa Prakash Poudel, Company Secretary, informed the Meeting that the notice convening the 39th Annual General Meeting was first published on December 17, 2025 (Poush 2, 2082) and a second notice was published on December 23, 2025 (Poush 8, 2082) in Naya Patrika, a national daily newspaper.

He further stated that the notice, together with the Company's Annual Report, was dispatched via courier to all shareholders at their respective addresses as recorded in the Company's Shareholder Register. The notice and Annual Report were also made available on the Company's official website, www.bnl.com.np.

In addition, he informed the Meeting that, for the first time, a QR code was published along with the notice in the newspaper, enabling shareholders to conveniently download the digital version of the Annual Report on their devices.

**३. ३९ औं वार्षिक साधारण सभाको सूचना**

३९ औं वार्षिक साधारण सभाको सूचना प्रथम पटक मिति २०८२ पौष २ (१७ डिसेम्बर २०२५) र दोश्रो सूचना मिति २०८२ पौष ८ गते (डिसेम्बर २३, २०२५) मा नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको व्यहोरा कम्पनी सचिव श्री विश्वप्रकाश पौडेलले सभामा जानकारी गराउनुभयो । यसका अतिरिक्त कम्पनीको वार्षिक प्रतिवेदन कुरियरबाट सबै शेयरधनीलाई कम्पनीको शेयरधनी दर्ता किताबमा अभिलेख रहेको ठेगानामा पठाएको जानकारी समेत उहाँले सभा समक्ष गराउनुभयो । साथै, उक्त सूचना तथा वार्षिक प्रतिवेदन कम्पनीको आधिकारिक वेबसाइट www.bnl.com.np मा समेत प्रकाशन गरिएको जानकारी गराउनुभयो । यसका अतिरिक्त यस वर्ष पत्रिकामा वार्षिक साधारणसभाको सूचनासँगै शेयरधनीको सहजताका लागि वार्षिक प्रतिवेदन डाउनलोड गर्न क्यूआर कोड समेत प्रकाशित गरिएको व्यहोरा समेत कम्पनी सचिवले सभालाई अवगत गराउनुभयो ।

**4. Quorum**

The Company Secretary confirmed that the quorum requirement for the Meeting was duly met. A total of 166 shareholders, including proxies and authorized representatives, were present.

The shareholders present represented 1,111,721 shares, accounting for 91.87% of the Company's total issued shares of 1,210,000.



BOTTLERS NEPAL (TERAI) LTD. Reg. No. 98818

**४. गणपूरक संख्या**

कुल शेयरधनी, उपस्थित प्रोक्सी र आधिकारिक प्रतिनिधि सहित कूल शेयर संख्या: ११,११,७२१ (कम्पनीको १,२१०,००० कूल शेयरमध्ये) ९१.८७ प्रतिशत शेयरको प्रतिनिधित्व गर्दै जम्मा १६६ जना शेयरधनीको उपस्थिति रहेको हुनाले साधारणसभाको गणपुरक संख्या पुगेको घोषणा गर्दै कम्पनी सचिवले आजको साधारणसभा वैधानिक रूपमा अगाडि बढाउन सकिने जानकारी सभा समक्ष गराउनुभयो ।

5. Agenda of the Meeting

**५. बैठकको एजेन्डा**

5.1. Ordinary Agenda:

**५.१ सामान्य प्रस्ताव :**

5.1.1. To consider and approve the Director's Report for the Fiscal Year 2081/82.

५.१.१. आर्थिक वर्ष २०८१।८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।

5.2. Special Agenda:

**५.२ विशेष प्रस्ताव:**

5.2.1. To approve the Audited Financial Statements : To consider and approve the Audited Financial Statements of the Company comprising the Balance Sheet as at 32nd Ashad, 2082 (i.e. 16 July 2025), the Income Statement, the Profit and Loss Account, and the Cash Flow Statement for the same period, together with the Auditors' Report thereon.

५.२.१ सम्वत् २०८२ असार ३२ गते सम्मको वासलात, आय विवरण, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सहितको लेखापरीक्षण भएको वित्तीय विवरण र लेखापरीक्षकको प्रतिवेदन समेत स्वीकृत गर्ने ।

5.2.2. To consider and approve the appointment of Statutory Auditor and their remuneration for Fiscal Year 2082/83 as per Section 111 of Companies Act, 2006 (2063).
(Proposed to appoint M/s PKF T.R. Upadhyay & Co. Chartered Accountant (Firm Registration No. 06) (Ms. Sumitra Risal, Partner), as statutory Auditor for FY 2082-83 with a renumeration of NPR 683,000/- (In words Six Lakhs Eighty Three Thousand Only).

५.२.२ कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०८२।८३ को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक स्वीकृत गर्ने ।
(श्री पि.के.एफ. टि.आर. उपाध्या एण्ड कम्पनी (फर्म रजिष्ट्रेसन नं. ०६) (सुमित्रा रिजाल, पार्टनर) लाई आर्थिक वर्ष २०८२।८३ को लेखापरीक्षण गर्न रु.६,८३,०००।- (अक्षरुपी छ लाख त्रियासी हजार रूपियाँ मात्र) पारिश्रमिक सहित लेखापरीक्षक नियुक्ति गर्ने प्रस्ताव गरिएको) ।

5.3. Miscellaneous.

५.३ **विविध ।**

6. Meeting begins

**६. बैठकको प्रारम्भ :**

The shareholders present confirmed that the 39th Annual General Meeting of the Company was duly convened in accordance with the provisions of the Companies Act, 2063 (2006) and the Articles of Association of the Company.



BOTTLERS NEPAL (TERAI) LTD. Reg. No. 98318

उपस्थित शेयरधनीहरूले आजको ३९ औं वार्षिक साधारण सभा कम्पनी ऐन २०६३ (२००६) तथा कम्पनीको नियमावली बमोजिम सञ्चालित भएको कुरा पुष्टि गर्नुभयो ।

The Company Secretary informed the Meeting that, in accordance with Section 74 of the Companies Act, 2063 and Article 13(c) of the Company's Articles of Association, Mr. Naramdeshwar Narayan Singh, Chairperson of the Board of Directors, chairs the 39th Annual General Meeting of the Company.
कम्पनी ऐन २०६३ को दफा ७४ का साथै कम्पनीको नियमावलीको दफा १३ (ग) बमोजिम सञ्चालक समितिका अध्यक्ष श्री नर्मदेश्वर नारायण सिंहलाई कम्पनीको ३९ औं वार्षिक साधारणसभाको अध्यक्षता ग्रहण गर्ने व्यहोरा कम्पनी सचिवले सभा समक्ष जानकारी गराउनुभयो ।

Mr. Narmadeshwar Narayan Singh, Chairperson, having confirmed that the requisite quorum was present, called the Meeting to order.
अध्यक्ष श्री नर्मदेश्वर नारायण सिंहद्वारा बैठकको आवश्यक गणपूरक संख्या पर्याप्त भएको सुनिश्चित गरी बैठक सञ्चालनको कारवाही अगाडि बढाइयो ।

The Chairperson welcomed all the distinguished shareholders, guests and employees to the 39th Annual General Meeting of the Company. He thanked all the shareholders for their active participation in this 39th Annual General Meeting of the Company.
अध्यक्षज्यूले सम्पूर्ण शेयरधनीहरू, अतिथिहरू तथा कर्मचारीहरूलाई कम्पनीको ३९औं वार्षिक साधारण सभामा स्वागत गर्नुभयो । उँहाले सबै शेयरधनीहरूलाई ३९औं वार्षिक साधारण सभामा सक्रिय रूपमा सहभागी हुनुभएकोमा धन्यवाद ज्ञापन गर्नुभयो ।

## 7. Chairperson's Speech
## ७. अध्यक्षज्यूको मन्तव्य

Mr. Singh read out his speech as mentioned in 39th Annual Report and reflected upon the Company's satisfactory performance despite the global and domestic economic crisis and other challenges during the year 2081/82. He briefed the Company's overall performance and activities in FY 2081/82 and introduced the Board Members to the Shareholders.
सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री सिंहले ३९ औं वार्षिक प्रतिवेदनमा उल्लेख गरिए अनुसार आफ्नो मन्तव्य पढेर सुनाउनुभयो र विश्वव्यापी तथा राष्ट्रिय आर्थिक संकट र अनेक चुनौतिका बावजुद २०८१/८२ को अवधिमा कम्पनीले उल्लेखनीय कार्यसम्पादन गरेको जानकारी गराउनुभयो । तत्पश्चात्, उहाँले आ.व २०८१।८२ मा कम्पनीको समग्रको कार्यक्रम र गतिविधिबारे जानकारी गराउनुभयो र सञ्चालक समितिका सदस्यहरूको परिचय समेत गराउनुभयो ।

Thereafter the Chairperson requested the Company Secretary to take up the Agenda Item(s).
तत्पश्चात अध्यक्षज्यूले कम्पनी सचिवलाई सभामा तय गरिएका छलफलका विषयवस्तुहरूलाई निर्णयार्थ पेश गर्न आग्रह गर्नुभयो ।

## 8. Discussion and Decision
## ८. छलफल तथा निर्णय

Company Secretary Mr. Bishwa Prakash Poudel requested the shareholders present, in person, to put forward any queries and suggestions on the Annual Report and the proposed agenda item(s).

कम्पनी सचिव श्री विश्व प्रकाश पौडेलले उपस्थित शेयरधनीलाई वार्षिक प्रतिवेदन र प्रस्तावित एजेन्डा माथि कुनै जिज्ञासा, सल्लाह, सुझाव भएमा सञ्चालक समिति समक्ष राख्न अनुरोध समेत गर्नुभयो ।

- Thereafter, shareholder **Mr. Lava Raj Joshi** addressed the Board of Directors and raised the following matters:
  He began by thanking the Board and Company Secretary for providing him the opportunity to speak. He expressed concern over the non-declaration of dividends for the current fiscal year and requested the Board to assure shareholders of dividend distribution in the coming year. He observed that the increasing migration of youth abroad has contributed to reduced domestic consumption and suggested that the Company adopt youth-focused marketing strategies to address this trend. He also offered suggestions on cost minimization and advised the Company to further improve the working environment for employees through increased use of technology, enhanced customer engagement, and the promotion of internal harmony. Additionally, he encouraged fellow shareholders to support the Company in strengthening the market presence of its products. He concluded by thanking and congratulating the Company and expressing his best wishes for its continued success.
  शेयरधनी **श्री लव राज जोशी**ले सञ्चालक समितिलाई सम्बोधन गर्दै देहायका प्रश्न र सुझाव प्रस्तुत गर्नुभयो: उहाँले आफूलाई यस सभामा बोल्ने अवसर दिएकोमा सञ्चालक समिति र कम्पनी सचिवलाई धन्यवाद दिनुभयो । उहाँले चालु आर्थिक वर्षमा लाभांश नदिएकोमा चासो व्यक्त गर्नुभयो र आगामी वर्षमा लाभांश वितरण हुने विषयमा शेयरधनीलाई विश्वास दिलाउन अनुरोध गर्नुभयो । उहाँले प्रत्येक वर्ष धेरै युवा वैदेशिक रोजगारीका लागि नेपालबाट बाहिर जाने भएकाले कम्पनीका उत्पादनको उपभोग घटेको उल्लेख गर्दै अब कम्पनीले युवालाई लक्षित गर्ने प्रभावकारी मार्केटिङ रणनीतिमा ध्यान दिनुपर्ने सुझाव दिनुभयो । उहाँले कम्पनीले खर्च न्यूनिकरणमा ध्यान दिनुपर्ने सुझाव दिनुभयो । साथै प्रविधिको प्रयोग बढाएर कर्मचारीहरूको कार्य वातावरण सुधार गर्न, ग्राहकमा आकर्षण मजबुत पार्न र कम्पनीभित्र सौहार्दपूर्ण वातावरण कायम राख्न सुझाव दिनुभयो । उहाँले कम्पनीका उत्पादनको बजारमा उपस्थिति बढाउन योगदान गर्नको लागि शेयरधनीहरूलाई अनुरोध गर्दै सो कार्यका लागि सहयोग गर्न कम्पनीलाई समेत अनुरोध गर्नुभयो । अन्त्यमा कम्पनीको भविष्यमा उत्तरोत्तर प्रगतिका लागि शुभकामना व्यक्त गर्दै धन्यवाद ज्ञापन गर्नुभयो ।

- Thereafter, shareholder **Mr. Om Prakash Kushwaha** addressed the Board of Directors and presented his queries and suggestions.
  He began by thanking the Company Secretary for providing him the opportunity to speak. He informed the Meeting of various issues concerning the distributor network and highlighted concerns related to the performance of sales officers and the allocation of coolers to retail outlets. He further raised issues regarding the distribution channel and the implementation of sales schemes. Mr. Kushwaha also expressed dissatisfaction over the non-receipt of dividends for the current year and requested the Board to address and resolve the matters he had raised.
  त्यसपछि, शेयरधनी **श्री ओम प्रकाश कुशवाहले** निम्न प्रश्न/सुझावहरू प्रस्तुत गर्नुभयो:
  उहाँले बोल्ने अवसर प्रदान गरेकोमा कम्पनी सचिवलाई धन्यवाद दिनुभयो । उहाँले वितरक नेटवर्कमा भएका समस्याबारेमा सञ्चालक समितिलाई जानकारी गराउनुभयो । उहाँले बिक्री अधिकृतको प्रदर्शन र आउटलेटहरूमा कुलरको वितरणको सम्बन्धमा प्रकाश पार्न अनुरोध गर्नुभयो । उहाँले वितरण च्यानल र योजना कार्यान्वयन सम्बन्धी विषयमा समेत थप प्रकाश पार्न सञ्चालक समितिलाई अनुरोध गर्नुभयो ।

लाभांश प्राप्त नगरेकोमा असन्तोष व्यक्त गर्नुभयो ।आफूले उठाएका समस्याहरूको समाधान गर्न सञ्चालक समिति समक्ष अनुरोध गर्नुभयो ।

- Thereafter, shareholder/representative **Ms. Rupa Rai** expressed the following queries and suggestions:
  She began by commending the Board for its efforts and sought clarification regarding the Company's distribution strategy, specifically questioning why the focus appeared to be directed more toward the mountain regions rather than the Terai (where the demand is more), and requested an explanation of the rationale behind this approach. She further inquired about the potential financial impact of the Company's contingent liabilities, particularly those relating to tax disputes and the effects of youth migration and asked how the Company plans to address these challenges. Ms. Rai also sought clarification on whether future cost increases would be passed on to consumers and what strategies the Company is considering sustaining long-term growth. In addition, she requested an explanation regarding the primary drivers of the gross margin improvement reflected in the Company's latest quarterly report. Finally, she raised concerns about the frequent changes in the Board and senior management, seeking clarification on the underlying reasons for such transitions.
  त्यसपछि, शेयरधनी/प्रतिनिधि **श्री रूपा राईले** देहायका जिज्ञासा र सुझाव प्रस्तुत गर्नुभयो:
  उहाँले सञ्चालक समितिले गरेका प्रयासको सराहना गर्दै, कम्पनीको वितरण रणनीतिसम्बन्धी प्रश्न उठाउनुभयो । उहाँले कम्पनीले चिसो पेय पदार्थको बढी माग हुने तराईको सट्टा पहाडी क्षेत्रमा ध्यान केन्द्रित गर्नुको उद्देश्य के हो भनेर सोध्नुभयो । उहाँले कर विवाद र युवा प्रवासनले पार्न सक्ने सम्भावित वित्तीय प्रभावको चर्चा गर्दै कम्पनीले यी चुनौतीहरूलाई कसरी सम्बोधन गर्ने योजना बनाएको छ भनी पनि प्रश्न गर्नुभयो । साथै, भविष्यमा मूल्य वृद्धिको भार ग्राहकमाथि लगाइने हो कि होइन ? कम्पनीले स्थायी वृद्धि र सञ्चालन क्षमता कायम राख्न के रणनीति लिइरहेको छ ? भन्ने जानकारी माग गर्नुभयो । उहाँले पछिल्लो त्रयमासको प्रतिवेदनमा ग्रस मार्जिन सुधारका मुख्य कारकहरू के के थिए भनेर जिज्ञासा व्यक्त गर्नुभयो । साथै, कम्पनीको उच्च व्यवस्थापन र सञ्चालक समितिमा बारम्बार परिवर्तन किन भएको हो भनेर समेत जिज्ञासा प्रस्तुत गर्नुभयो ।

- Thereafter, **Shareholder Mr. Krishna Bikram Poudel** raised the following queries/suggestions.
  He thanked the Board and the Company Secretary for the opportunity to speak. He raised concerns regarding the non-distribution of dividend. He suggested that active engagement is important. He concluded by expressing his appreciation for the Company's efforts and wishing for its continued growth and success.
  त्यसपछि, शेयरधनी श्री **कृष्ण बिक्रम पौडेलले** देहायका प्रश्न र सुझाव प्रस्तुत गर्नुभयो :
  उहाँले बोल्ने अवसर प्रदान गरेकोमा सञ्चालक समिति र कम्पनी सचिवलाई धन्यवाद दिनुभयो । उहाँले लाभांश नपाएको विषय उठाउनुभयो र सञ्चालक समिति सदस्यहरूको बैठक तथा समितिमा कम उपस्थितिको कुरा उठाउँदै सक्रिय सहभागिता आवश्यक भएको सुझाव दिनुभयो । अन्त्यमा कम्पनीको प्रयासको प्रशंसा गर्दै निरन्तर सफलता र वृद्धि को कामना गर्नुभयो ।

- Thereafter, **Shareholder Mr. Indra Krishna Shrestha** raised the following queries/suggestions.



BOTTLERS NEPAL (TERAI) LTD.
Reg. No.
98818

He commended the Company for its operations and requested that the Chairman clarify publicly that the Company's products, including Coca-Cola, are of high quality. He expressed concerns about Board attendance at the 39th AGM and suggested that consideration be given to more cost-effective venues. He also highlighted that while directors enjoy several facilities and allowances, shareholders receive limited returns or no return and suggested incorporating shareholder photographs in the Annual Report. He concluded by wishing the AGM success and continued growth for the Company.

त्यसपछि, शेयरधनी **श्री इन्द्र कृष्ण श्रेष्ठले** देहायका प्रश्न सहित आफ्नो सल्लाह सुझाव दिनुभयो:
उहाँले कम्पनीको कार्यप्रणालीको सराहना गर्दै, अध्यक्षले सार्वजनिक रूपमा कम्पनीका उत्पादनहरू, विशेषगरी Coca–Cola गुणस्तरीय भएको सम्बन्धमा थप स्पष्ट गरिदिनुहुन अनुरोध गर्नुभयो । उहाँले ३९औं AGM मा सञ्चालक समितिको कम उपस्थितिमा चिन्ता व्यक्त गर्नुभयो । उहाँले सञ्चालक समितिका सदस्यहरूले सुविधा र भत्ता लिनु हुने भए पनि शेयरधनीले प्रतिफल कम वा केही पाउँदैनन् भनी औंल्याउँदै, वार्षिक प्रतिवेदनमा शेयरधनीको तस्वीर समावेश गर्न सुझाव दिनुभयो । अन्त्यमा, उहाँले AGM को सफलताका लागि शुभकामना व्यक्त गर्नुभयो ।

- Thereafter, **Shareholder Ms. Neerupama Gupta** raised the following queries/suggestions:
  She acknowledged the positive growth in BNTL's fourth-quarter financial indicators, while noting that shareholders have not yet benefited from dividends. She requested clarity on why dividends are unpredictable and suggested that a stable dividend policy be established. She also requested the Board consider issuing bonus shares and expressed hope for a double-digit dividend in the upcoming year, reflecting shareholders' confidence in the Company's continued performance.

  त्यसपछि, शेयरधनी **श्री नीरुपमा गुप्ताले** देहायका प्रश्न र सल्लाह दिनुभयो:
  उहाँले आफूलाई बोल्ने मौका दिएकोमा सञ्चालक समितिलाई धन्यवाद दिँदै सुरु गर्नुभयो । उहाँले BNTL को चौथो त्रैमासिक वित्तीय सूचकहरू सकारात्मक रहेको उल्लेख गर्दै, लाभांश नपाएकोमा चिन्ता व्यक्त गर्नुभयो । उहाँले लाभांश अस्थिर हुनुको कारण स्पष्ट गर्न अनुरोध गर्नुभयो, स्थायी लाभांश नीति अपनाउन सुझाव दिनुभयो र बोनस शेयर वितरण गर्न अनुरोध गर्दै आगामी वर्षमा दोहोरो अंकको लाभांशको अपेक्षा राख्नुभयो ।

- Thereafter, **Shareholder Mr. Nitesh Kumar Agarwal** raised the following queries/suggestions:
  He expressed satisfaction that the 39th AGM is successfully being conducted at the Yak & Yeti Hotel with a large number of shareholders in attendance. He also provided constructive criticism, noting concern over declining company ratios and the downward trend in performance, and inquired what measures the Board and management are actively taking to reverse this trend. He expressed appreciation for receiving the Annual Report by courier and email and appreciated that the company is focusing on youth. He Furter suggested that the Company focus on cost-saving measures going forward.
  त्यसपछि, शेयरधनी **श्री नितेश कुमार अग्रवालले** देहायका जिज्ञासा र सुझाव राख्नुभयो:
  उहाँले आफूलाई बोल्ने मौका दिएकोमा सञ्चालक समितिलाई धन्यवाद दिँदै आफ्नो मन्तव्य सुरु गर्नुभयो । उहाँले ३९औं AGM याक एन्ड यती होटलमा सफलतापूर्वक सम्पन्न भइरहेकोमा खुशी व्यक्त गर्नुभयो । उहाँले वित्तीय अनुपात र कम्पनीको प्रदर्शनमा घट्दो प्रवृत्तिको बारेमा चिन्ता व्यक्त गर्दै, सुधारका लागि



BOTTLERS NEPAL (TERAI) LTD.
Reg. No. 98818

सञ्चालक समिति र व्यवस्थापनले के कदम चालिरहेका छन् भनी सोध्नुभयो । उहाँले Annual Report समयमै प्राप्त भएकोमा खुशी व्यक्त गर्नुभयो र कम्पनीले भविष्यमा खर्च बचत र दक्षतामा ध्यान दिन सुझाव दिनुभयो ।

- Lastly, **Shareholder Mr. Laxman Bahadur Shrestha** submitted written queries regarding the potential impact of the Gen Z protests on the Company and requested the Board to clarify the same.
  अन्त्यमा, **शेयरधनी श्री लक्ष्मण बहादुर श्रेष्ठले** लिखित प्रश्नमार्फत् कम्पनीमा Gen Z आन्दोलनको सम्भावित प्रभावबारे स्पष्टिकरण माग गर्नुभयो ।

**Board of Directors'/Management response to the questions raised by the Shareholders:**
**शेयरधनीहरूद्वारा उठाईएका प्रश्नहरूमा सञ्चालक समिति/व्यवस्थापनको जवाफ :**

- Upon the request of the Chairperson, Mr. Ajay Chanbasappa Konale, Chief Executive Officer, firstly, thanked all the shareholders for their questions and mentioned that he has noted all the questions of shareholders and will try to address all the queries.
  अध्यक्षको अनुरोधमा, प्रमुख कार्यकारी अधिकृत अजय चनवसप्पा कोनाले सर्वप्रथम सबै शेयरधनीहरूलाई जिज्ञासाको लागि धन्यवाद दिँदै आफूले शेयरधनीहरूका सबै जिज्ञासाहरूको टिपोट गरेको र यथाशक्य सबै जिज्ञासाहरूको सम्बोधन होस् भन्नेतर्फ प्रयास गर्ने बताउनुभयो ।

  Regarding the queries on non-declaration of dividend, the Chairperson explained that there were two primary reasons. Firstly, the Company undertook a planned and well-considered tax assessment and settlement, under which a significant amount, approximately NPR 70 Crore, was utilized. Secondly, the Company is in the process of planning and investing in new product launches to remain competitive in the market. He clarified that these decisions were made with a long-term perspective focused on sustainable growth. He further assured the shareholders that if the Company's performance improves and the overall economic environment remains supportive, the Board may consider dividend distribution in the years to come.
  लाभांश घोषणा नगरेको सम्बन्धमा उठाइएका जिज्ञासाहरूको उत्तर दिँदै अध्यक्षज्यूले यसका दुई प्रमुख कारणहरू रहेको स्पष्ट गर्नुभयो । पहिलो, कम्पनीले योजनाबद्ध तथा विचारपूर्वक कर मूल्याङ्कन तथा कर सेटलमेन्ट प्रक्रिया सम्पन्न गरेको र सो क्रममा करिब रु. ७० करोड खर्च भएको जानकारी दिनुभयो । दोस्रो, बजारमा प्रतिस्पर्धात्मक रूपमा टिकिरहन कम्पनीले नयाँनयाँ उत्पादनहरू ल्याउने योजना रहेको तथा त्यसमा लगानी गरिरहेको जानकारी दिनुभयो । उहाँले यी निर्णयहरू दीर्घकालीन र दिगो वृद्धि लक्षित रहेको स्पष्ट पार्नुभयो । साथै, कम्पनीको कार्यसम्पादनमा सुधार भई समग्र आर्थिक वातावरण अनुकूल रहेमा आगामी वर्ष लाभांश वितरणबारे सञ्चालक समितिले विचार गर्ने आश्वासन दिनुभयो ।

- Addressing concerns related to youth migration and declining consumption, the Chairperson stated that migration is a broader national issue beyond the control of the Company. However, he emphasized that Bottlers Nepal continues to generate employment opportunities within the country and provides competitive remuneration. He further noted that launching attractive and



BOTTLERS NEPAL (TERAI) LTD. Reg. No. 98818

innovative new products targeted at younger consumers is one of the key strategies being adopted to strengthen market presence.

Regarding cost optimization and the selection of Hotel Yak & Yeti as the AGM venue, the Chairperson acknowledged the shareholders' concerns and stated that the suggestion was well noted. He assured the Meeting that the Company would consider alternative venues in the future and continue to focus on minimizing operational and administrative costs, while taking shareholders' feedback into account.

युवा जनशक्ति वैदेशिक रोजगारीतर्फ जाने प्रवृत्ति तथा उपभोगमा आएको गिरावट सम्बन्धी जिज्ञासामा अध्यक्षज्यूले आप्रवासन राष्ट्रिय स्तरको विषय भएको र कम्पनीको नियन्त्रणबाहिर रहेको बताउनुभयो । तथापि, Bottlers Nepal ले स्वदेशमै रोजगारीका अवसरहरू सिर्जना गरिरहेको र प्रतिस्पर्धी पारिश्रमिक प्रदान गरिरहेको जानकारी दिनुभयो । साथै, युवापुस्तालाई लक्षित आकर्षक तथा नवीन उत्पादनहरू बजारमा ल्याउनु कम्पनीको प्रमुख रणनीतिमध्ये एक रहेको उल्लेख गर्नुभयो । लागत अनुकूलन तथा AGM स्थलका रूपमा Hotel Yak & Yeti छनोट गरिएको सम्बन्धमा उठाइएको जिज्ञासालाई अध्यक्षज्यूले गम्भीरतापूर्वक लिइएको बताउँदै शेयरधनीहरूको सुझाव अभिलेखमा राखिएको जानकारी दिनुभयो । उहाँले आगामी वर्षहरूमा वैकल्पिक स्थलहरूबारे विचार गरिने तथा सञ्चालन तथा प्रशासनिक खर्च न्यूनीकरणमा निरन्तर ध्यान दिइने विश्वास दिलाउनुभयो ।

- Thereafter, Mr. Ajay Chanbasappa Konale, Chief Executive Officer, responded to the queries relating to the allocation of refrigerators and coolers. He clarified that the Company allocates such assets strictly based on business performance and sales volume generated by the outlets. He emphasized that there is no favouritism, and that coolers are provided as a business investment where returns are commercially viable. The Chairperson further reiterated that coolers are provided only where sales performance justifies the investment, in line with the Company's established policy.
- यसपछि, फ्रिज तथा कूलर वितरण सम्बन्धी जिज्ञासामा प्रमुख कार्यकारी अधिकृत श्री अजय चनबसप्पा कोनालेले कम्पनीले यस्ता सम्पत्तिहरू आउटलेटको व्यवसायिक कार्यसम्पादन तथा बिक्री परिमाणको आधारमा मात्र उपलब्ध गराइने स्पष्ट पार्नुभयो । उहाँले कुनै प्रकारको पक्षपात नरहेको र व्यावसायिक रूपमा प्रतिफल सुनिश्चित हुने स्थानमा मात्र कूलरहरू लगानीका रूपमा प्रदान गरिने जानकारी दिनुभयो । अध्यक्षज्यूले पनि कम्पनीको स्थापित नीतिअनुसार बिक्री कार्यसम्पादनले उचित ठहरिने अवस्थामा मात्र फ्रिज तथा कूलर उपलब्ध गराइने पुनः स्पष्ट पार्नुभयो ।

- Regarding the concerns about the implementation of schemes by distributors, Mr. Konale informed the Meeting that the Company deploys an adequate number of trained sales personnel and operates a Distribution Management System, which provides visibility on margins passed by distributors to retailers. He stated that the Company remains confident that schemes are being implemented appropriately. The CEO of the Company, Mr. Konale added that the Company is continuously improving its systems, including the development of software tools, to further strengthen monitoring and distribution efficiency.

वितरकद्वारा योजनाहरूको कार्यान्वयन सम्बन्धी जिज्ञासामा श्री कोनालेले कम्पनीले पर्याप्त संख्यामा तालिमप्राप्त बिक्री कर्मचारी परिचालन गरेको र Distribution Management System मार्फत



BOTTLERS NEPAL (TERAI) LTD. Reg. No. 93818

वितरकबाट खुद्रा विक्रेतासम्म हस्तान्तरण हुने मार्जिनको अनुगमन भइरहेको जानकारी दिनुभयो । उहाँले योजनाहरू उचित रूपमा कार्यान्वयन भइरहेकोमा कम्पनी विश्वस्त रहेको बताउनुभयो । यस सन्दर्भमा प्रमुख कार्यकारी अधिकृतज्यूले अनुगमन तथा वितरण दक्षता थप सुदृढ गर्न कम्पनीले सफ्टवेयर प्रणालीहरू निरन्तर रूपमा सुधार गरिरहेको थप जानकारी गराउनुभयो ।

- Regarding the query on the quality of Coca-Cola products, the Chairperson, Mr. Naramadeshwor Singh, informed the Meeting that the Company operates under global standards prescribed by The Coca-Cola Company, Atlanta, and that the formula, which is a trade secret, is uniform worldwide. He stated that the Company conducts rigorous quality testing prior to releasing products into the market to ensure standard quality.
  कोका-कोला उत्पादनको गुणस्तर सम्बन्धी उठाइएको जिज्ञासामा अध्यक्ष श्री नरमादेश्वर सिंहज्यूले बैठकलाई जानकारी गराउनुभयो कि कम्पनी **The Coca–Cola Company, Atlanta** द्वारा तोकिएका विश्वव्यापी मापदण्डअनुसार सञ्चालन हुँदै आएको छ र पेय पदार्थको सूत्र **(formula)** विश्वभर समान रहेको व्यापारिक गोपनीयता हो । उहाँले बजारमा उत्पादन पठाउनुअघि कम्पनीले कडा गुणस्तर परीक्षण गर्ने गरेको स्पष्ट पार्नुभयो, जसबाट मानक गुणस्तर सुनिश्चित गरिन्छ ।

- Regarding the concerns raised about declining financial ratios, Mr. Redwin A. Duay, Chief Financial Officer, informed the Meeting that the Company has been operating under certain financial pressures; however, management remains focused on maximizing and sustaining profitability. He highlighted that Company incurred a significant tax payment during the year, which impacted financial ratios and informed that the current quarter has shown improvement, with expectations of sustaining performance.
  वित्तीय अनुपातहरू घट्दै गएको सम्बन्धी जिज्ञासामा प्रमुख वित्तीय अधिकृत श्री रेडविन ए. डुबेले बैठकलाई जानकारी गराउनुभयो कि कम्पनी केही वित्तीय दबाबको अवस्थामा रहे पनि व्यवस्थापनले नाफा अधिकतम गर्ने तथा दीगो रूपमा कायम राख्ने लक्ष्यमा निरन्तर काम गरिरहेको छ । उहाँले चालु वर्षमा ठूलो मात्रामा कर भुक्तानी गरिएकोले वित्तीय अनुपातहरूमा असर परेको स्पष्ट पार्दै चालु त्रैमासिकको कार्यसम्पादन सन्तोषजनक रहेको र आगामी अवधिमा पनि नाफा कायम रहने अपेक्षा गरिएको जानकारी दिनुभयो ।

- Regarding the focus on mountain regions over the Terai, the Chairperson clarified that the Company's Terai plant was established in 1986 and expansion decisions are based on cost efficiency, valuation, and regional suitability to enhance profitability. The Company will continue to evaluate regions and expand where commercially viable.
  तराई क्षेत्रभन्दा पहाडी क्षेत्रमा बढी ध्यान केन्द्रित गरिएको सम्बन्धी जिज्ञासामा अध्यक्षज्यूले तराईस्थित कम्पनीको प्लान्ट सन् १९८६ मा स्थापना भएको जानकारी गराउँदै विस्तारसम्बन्धी निर्णयहरू लागत दक्षता, मूल्याङ्कन तथा क्षेत्रीय उपयुक्तताको आधारमा लिइने स्पष्ट पार्नुभयो । उहाँले नाफा वृद्धि हुने सम्भावना रहेका क्षेत्रहरूको निरन्तर मूल्याङ्कन गरी व्यवसायिक रूपमा उपयुक्त स्थानमा विस्तार गरिने जानकारी दिनुभयो ।

- Regarding tax settlement and contingent liabilities, Mr. Bishwa Prakash Poudel, Legal Head and Company Secretary, clarified that the tax settlement was made towards the principal amount only and that for now no contingent or additional tax liability remains for the company.



BOTTLERS NEPAL (TERAI) LTD. Reg. No. 98818

- कर चुक्ता गरिएको तथा सम्भावित दायित्व (contingent liability) सम्बन्धी जिज्ञासामा कम्पनी सचिव श्री विश्वप्रकाश पौडेलले कर सेटलमेन्ट मूल रकम (principal amount) मा मात्र गरिएको र त्यसबाहेक हाल कुनै पनि अतिरिक्त वा सम्भावित कर दायित्व बाँकी नरहेको स्पष्ट पार्नुभयो ।

- Regarding queries on competition and plans to address competitive products in the market, Mr. Ajay Chanbasappa Konale, Chief Executive Officer, informed the Meeting that the Company is the leading non-alcoholic ready-to-drink beverage company with a diverse and strong product portfolio, extending beyond carbonated beverages. He stated that as and when appropriate brands are identified and deemed suitable for the Nepalese market, the Company will introduce such products. He clarified that the Company's intention to leverage its full portfolio is strong, and the timing will be determined based on market readiness. In this context, the Chairperson, Mr. Singh further informed the Meeting that unauthorized cross-border infiltration of products from India has also created price-based competition, as such products enter the market without payment of customs and excise duties. He stated that the Company has already brought this matter to the attention of the Government.
  बजारमा प्रतिस्पर्धी उत्पादनहरू तथा त्यसलाई सामना गर्ने कम्पनीको योजनासम्बन्धी जिज्ञासामा प्रमुख कार्यकारी अधिकृत श्री अजय चनबसप्पा कोनालेले बैठकलाई जानकारी गराउनुभयो । कम्पनी गैर-मद्यपान तयारी-पिउने (non–alcoholic ready–to–drink) पेय पदार्थ क्षेत्रमा अग्रणी रहेको र कार्बोनेटेड पेय पदार्थमा मात्र सीमित नभई कम्पनीसँग विविध तथा सशक्त उत्पादन पोर्टफोलियो रहेको छ । उहाँले नेपाल बजारका लागि उपयुक्त ठहरिने ब्रान्डहरू पहिचान भएसँगै तिनलाई बजारमा ल्याइने जानकारी दिँदै कम्पनीको सम्पूर्ण पोर्टफोलियो उपयोग गर्ने दृढ उद्देश्य रहेको र यसको समय बजारको तयारीमा निर्भर रहने स्पष्ट पार्नुभयो । यस सन्दर्भमा अध्यक्ष श्री सिंहले भारतबाट भन्सार तथा अन्तःशुल्क नतिरी अनधिकृत रूपमा नेपाल भित्रिने उत्पादनहरूले मूल्यमा आधारित प्रतिस्पर्धा सिर्जना गरेको जानकारी गराउँदै यस विषयमा कम्पनीले सरकारको ध्यानाकर्षण गराइसकेको जानकारी दिनुभयो ।

- Regarding the query on the strong first-quarter performance, Mr. Konale confirmed that the quarter had performed well due to multiple factors, including effective packaging strategy, improved promotional planning, better in-market brand execution, and enhanced secondary sales momentum. He also stated that the festive season contributed positively to the improved performance.
  पहिलो त्रैमासिकको सशक्त कार्यसम्पादन सम्बन्धी जिज्ञासामा श्री कोनालेले उक्त अवधिको कार्यसम्पादन निकै राम्रो रहेको पुष्टि गर्दै प्रभावकारी प्याकेजिङ रणनीति, प्रवर्द्धन योजना सुधार, बजारमा ब्रान्ड प्रस्तुतिको सुदृढीकरण तथा द्वितीयक बिक्रीको गति बढ्नु प्रमुख कारण रहेको जानकारी दिनुभयो । साथै, पर्व-उत्सवको मौसमले पनि त्रैमासिक कार्यसम्पादनमा सकारात्मक योगदान दिएको स्पष्ट पार्नुभयो ।

- Regarding concerns on the frequent change in Board members and management, the Chairperson clarified that Directors operate within defined tenures and many are associated with multiple businesses, including overseas assignments. Similarly, changes in management occur as part of normal organizational and group-level movements, including personnel from The Coca-



BOTTLERS NEPAL (TERAI) LTD.
Reg. No. 98818

Cola Company. He emphasized that such changes are not unusually frequent, and periodic transitions are a normal and necessary aspect of corporate governance.

- सञ्चालक समिति तथा व्यवस्थापनमा बारम्बार परिवर्तन हुने सम्बन्धी जिज्ञासामा अध्यक्षज्यूले सञ्चालकहरू निश्चित कार्यकालका लागि नियुक्त हुने र धेरैजसो विभिन्न व्यवसाय तथा विदेशस्थित जिम्मेवारीसँग पनि आबद्ध हुने जानकारी दिनुभयो । त्यस्तै, व्यवस्थापन तहमा हुने परिवर्तनहरू पनि संस्थागत तथा समूहस्तरीय स्थानान्तरणको सामान्य प्रक्रिया अन्तर्गत हुने गरेको, जसमा The Coca–Cola Company का कर्मचारी तथा प्रतिनिधि सञ्चालकहरू पनि समावेश हुने स्पष्ट पार्नुभयो । उहाँले यस्ता परिवर्तनहरू असामान्य रूपमा बारम्बार नहुने र निश्चित अवधिपछि हुने परिवर्तनहरू कर्पोरेट सुशासनको स्वाभाविक तथा आवश्यक प्रक्रिया भएको उल्लेख गर्नुभयो ।

The Company Secretary, further informed that Board and the Management have tried their best to address all the concerns raised by the Shareholders, and in case of any further queries, concerns and suggestion, he requested the shareholders to directly send those to the Management, who will address with the management team.
कम्पनी सचिवले शेयरधनीहरूले राख्नु भएको सबै जिज्ञासाहरूलाई सञ्चालक समिति र व्यवस्थापनका तर्फबाट सम्बोधन गर्ने प्रयास गरिएको र अन्य कुनै थप जिज्ञासा, सल्लाह सुझाव भएमा कम्पनीको व्यवस्थापन समुहमा यसपछि समेत उक्त जिज्ञासा राख्न सकिने कुरा बताउनुभयो ।

Thereafter, the Company Secretary requested to take up the agenda one by one.
तत्पश्चात, कम्पनी सचिवले वार्षिक साधारण सभाका प्रस्तावहरू उपर क्रमशः छलफल गर्न अनुरोध गर्नुभयो ।

**8.1. To consider and approve Directors' Report of the Company for the Fiscal Year 2081/82.**

Company Secretary Mr. Poudel tabled the Directors' Report of the Company for the Fiscal Year 2081/82 before the Shareholders and requested to propose and second the Resolution as an "Ordinary Resolution". Mr. Poudel requested if any present shareholders were willing to put forward any queries and suggestions to place them before the Board.

**८.१ आर्थिक वर्ष २०८१।८२ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने ।**

कम्पनी सचिव श्री पौडेलले सञ्चालक समितिको तर्फबाट आर्थिक वर्ष २०८१।८२ सञ्चालक समितिको प्रतिवेदन पारित गरिदिन आग्रह गर्नुभयो । त्यस पश्चात् श्री पौडेलले उपस्थित शेयरधनीलाई कुनै जिज्ञाशा, सल्लाह सञ्चालक समिति समक्ष राख्न इच्छुक भए राख्न हुन अनुरोध समेत गर्नुभयो ।

Thereafter, Shareholder Mr. Lava Raj Joshi proposed the following Resolution as Ordinary Resolution.
त्यस लगत्तै, शेयरधनी श्री लवराज जोशीले उक्त साधारण प्रस्तावलाई पारित गर्न प्रस्ताव गर्नुभयो ।

Mr. Shyam Sundar Shah Rauniyar, another Shareholder, seconded the same.
शेयरधनी श्री श्याम सुन्दर शाह रौनियारले उक्त प्रस्तावलाई समर्थन गर्नु भयो ।

"**RESOLVED THAT** the shareholders of the Company do hereby receive, consider and adopt the Director's Report of the Company, for the Fiscal Year 2081/82."



BOTTLERS NEPAL (TERAI) LTD.
Reg. No.
98818

"शेयरधनीहरूद्वारा कम्पनीको आर्थिक वर्ष २०८१।८२ को सञ्चालक समितिको प्रतिवेदन प्राप्त गरी, सो उपर विचार विमर्श गरी पारित गर्ने निर्णय गरियो ।"

The Resolution was then put to vote and was passed unanimously.
प्रस्तावमा तत्पश्चात मत माग गरियो र सो सर्वसम्मतीले पारित गरियो ।

**8.2. To approve the Audited Financial Statements comprising of Balance Sheet as of 32nd Ashad 2082 (i.e. 16 July 2025), Income Statement as of 32nd Ashad, 2082, Profit & Loss Account and Cash Flow Statement for the same period and Auditors' Report thereon.**

**८.२ सम्वत् २०८२ असार ३२ गते सम्मको वासलात, आय विवरण, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सहितको लेखापरीक्षण भएको वित्तीय विवरण र लेखापरीक्षकको प्रतिवेदन स्वीकृत गर्ने ।**

Company Secretary Mr. Bishwa Prakash Poudel presented the Audited Financial Statements comprising of Balance Sheet as of 32nd Ashad, 2082, Income Statement as of 32nd Ashad, 2082, Profit & Loss Account and Cash Flow Statement for the same period and Auditors' Report thereon for adoption of Shareholders. He thereafter requested the shareholders to propose and second the Resolution as a "Special Resolution" in compliance with Article 15 (b) (5) of Article of Association of the Company.

कम्पनी सचिव श्री विश्वप्रकाश पौडेलले कम्पनीको वित्तीय विवरण, असाढ ३२, २०८२ सम्मको कम्पनीको वासलात, आ.व २०८१।८२ को आय विवरण, सोही मिति सम्मको नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितको लेखापरीक्षण गरिएको वित्तीय विवरण र लेखापरीक्षकको प्रतिवेदन शेयरधनीहरू माझ पेश गर्नुभयो । तत्पश्चात उहाँले कम्पनीको नियमावलीको दफा १५ (ख) (५) बमोजिम उक्त प्रस्तावलाई विशेष प्रस्तावको रुपमा पेश गर्न तथा समर्थन गर्न अनुरोध गर्नुभयो ।

Thereafter, Shareholder Mr. Lava Raj Joshi, proposed the following Resolution as Special Resolution.
त्यसपछि , शेयरधनी श्री लवराज जोशीले यो विशेष प्रस्तावलाई पारित गर्न अनुरोध गर्नुभयो ।

Mr. Shyam Sundar Shah Rauniyar, Shareholder, seconded the same.
शेयरधनी श्री श्याम सुन्दर शाह रौनियारले उक्त प्रस्तावलाई समर्थन गर्नुभयो ।

"**RESOLVED THAT** the Audited Financial Statements comprising of Balance Sheet as of 32nd Ashad 2082, Income Statement for the Fiscal Year 2081/82, Profit & Loss Account and Cash Flow Statement for the same period along with the Auditors' Report thereon, be and is hereby received, considered and adopted by the Company."

"वित्तीय विवरण, असाढ ३२, २०८२ सम्मको कम्पनीको वासलात, आ.व २०८१।८२ को आय विवरण, सोही मितिसम्मको नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितको लेखापरिक्षण भएको वित्तीय विवरण र लेखापरीक्षकको प्रतिवेदन शेयरधनीहरूले प्राप्त गरी र सो उपर विचारविमर्श समेत गरी पारित गरियो ।"

The Resolution was then put to vote and was passed unanimously.
प्रस्तावमा तत्पश्चात उपस्थित शेयरधनीहरूबाट मत माग गरियो र ध्वनीमतद्वारा सो सर्वसम्मतीले पारित गरियो ।



BOTTLERS NEPAL (TERAI) LTD.
Reg. No. 98818

**8.3. To consider & approve the appointment of Statutory Auditor and their remuneration for Fiscal Year 2082/83, as per Section 111 of Companies Act, 2006 (2063).**

Company Secretary Mr. Poudel informed the Shareholders that on recommendation the Board of Directors of the Company, upon recommendation from the Audit Committee has proposed M/s PKF TR Upadhya, (Firm Registration No. 6) to be appointed as Statutory Auditor for F/Y 2082/83 with the Audit fee of NPR 6,83,000/- (Six Hundred Eighty-Three Thousand Only) (excluding out-of-pocket expenses) (inclusive of applicable taxes, excluding VAT). He, thereafter, requested the shareholders to propose and second the Resolution as a "Special Resolution" in compliance with Article 15 (b) (5) of Article of Association.

**८.३ कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०८२।८३ को लेखापरिक्षण गर्न लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक उपर छलफल गरी स्वीकृत गर्ने ।**

कम्पनीको लेखा परिक्षक समितिले श्री पि.के.एफ टि.आर उपाध्या एण्ड को (फर्म रजिष्ट्रेशन नं. ०६) (सुमित्रा रिजाल, पार्टनर) लाई आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण गर्न रु ६,८३,०००/- (अक्षरुपी रु छ लाख त्रियासी हजार मात्र) पारिश्रमिक सहित कम्पनीको लेखापरिक्षकको रुपमा लेखा परिक्षण गर्न नियुक्त गर्न सिफारिस गरेको जानकारी श्री पौडेलले शेयरधनीहरूलाई दिनुभयो । ततपश्चात उहाँले कम्पनीको नियमावलीको दफा १५(ख)(५) बमोजिम उक्त प्रस्तावलाई विशेष प्रस्तावको रुपमा पेश गर्न तथा समर्थन गर्न अनुरोध गर्नुभयो ।

Mr. Poudel requested the shareholders to propose and second the Resolution as a "Special Resolution" in compliance with Article 15(b)(5) of Article of Association.

श्री पौडेलले कम्पनीको नियमावलीको दफा १५(ख)(५) बमोजिम उक्त प्रस्तावलाई विशेष प्रस्तावको रुपमा पेश गर्न तथा समर्थन गर्न आग्रह गर्नुभयो ।

Mr. Lav Raj Joshi, Shareholder, proposed the following Resolution as Ordinary Resolution.

शेयरधनी श्री लवराज जोशीले यस विशेष प्रस्तावलाई पारित गर्न प्रस्ताव गर्नुभयो ।

Shyam Sundar Shah Rauniyar, Shareholder, seconded the same.

शेयरधनी श्री श्याम सुन्दर शाह रौनियारले उक्त प्रस्तावलाई समर्थन गर्नुभयो ।

**"RESOLVED THAT** RESOLVED THAT M/s PKF TR Upadhya & Co., (Firm Registration No. 6) (Ms. Sumitra Rijal, Partner) be and is hereby appointed as the Statutory Auditors of the Company for FY 2082/83 at a Statutory Audit Fee of of NPR 683,000/- (In words Six Lakhs Eighty Three Thousand Only) (excluding out of pocket expenses) (inclusive of all applicable taxes, except VAT)."

"(श्री पि.के.एफ टि.आर उपाध्या एण्ड को. (फर्म रजिष्ट्रेशन नं. ०६) (श्री सुमित्रा रिजाल, साझेदार) लाई आ.व. २०८२।८३ को लागि कम्पनीको लेखापरिक्षकको रुपमा नियुक्ति गर्ने र निजको पारिश्रमिक रु ६,८३,०००/- ( अक्षरुपी रु छ लाख त्रियासी हजार मात्र) (लाग्ने खर्च बाहेक) (सम्पूर्ण कर सहित तर भ्याट वाहेक) लेखापरिक्षण शुल्कको रुपमा प्रदान गर्ने निर्णय गरियो ।"

The Resolution was then put to vote and was approved unanimously.

तत्पश्चात् प्रस्ताव उपर शेयरधनीहरूको मत माग गरियो र सो सर्वसम्मतिले पारित गरियो ।



BOTTLERS NEPAL (TERAI) LTD. Reg. No. 96818

**8.5 Miscellaneous**

There was no other agenda to be discussed.

**८.५ विविध**

छलफलका लागि अन्य कुनै प्रस्ताव नरहेको ।

**9. Vote of thanks & Closure of Meeting.**

Since there were no other agenda to be discussed, the Meeting concluded with a Vote of thanks to everyone by the Chair.

**९. धन्यवाद तथा बैठकको समापन ।**

साधारण सभामा छलफल गर्नका लागि अन्य कुनै प्रस्ताव नभएकोले अध्यक्षद्वारा सबैलाई धन्यवाद दिँदै सभा विर्सजन गरियो ।

BOTTLERS NEPAL (TERAI) LTD.
Reg. No. 98818

---------------------------------

**Narmadeshwar Narayan Singh**
नर्मदेश्वर नारायण सिंह
**Chairperson**
अध्यक्ष
**Date:**
मिति :

---------------------------------

**Bishwa Prakash Poudel**
विश्वप्रकाश पौडेल
**Company Secretary**
कम्पनी सचिव
**Date:** 04 February 2026
मिति : 2082 माघ 21 गते